नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

# बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

**(जारी मिति: २०७८-०२-३० गते बिहान ०७ बजे)**

## नदीहरुको हालको अवस्था (Present River Status)

आज बिहानको मापन अनुसार कन्काई, कोशी, बागमती, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाब घट्दो अवस्थामा छ तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै छ ।

## बाढी पूर्वानुमान (Flood Forecast)

### पूर्वानुमान आज : जेष्ठ-३० (आइतबार) ( विहान ७ बजे देखि २४ घण्टा)

- आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य रहने तथा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।
- आज कन्काई र यसका सहायक नदीमा बहाब घट्दो हुने, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब सामान्य बढ्ने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।
- आज प्रदेश २, लुम्बिनी, सुदूरपश्चिम प्रदेशको चुरे र तराईको भूभाग र बागमती, गण्डकी प्रदेशको मध्यपहाडी भूभाग भई बहने केहि स-साना सहायक नदीहरुमा **क्षणिक मध्यम बर्षा भई बहाब केहि बढ्ने र केही स-साना नदीमा आकस्मिक बहाब पनि हुन सक्ने पूर्वानुमान छ ।**

### पूर्वानुमान भोलि: जेष्ठ-३१ (सोमबार) (विहान ७ बजे देखि २४ घण्टा)

- भोलि नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य रहने तथा सतर्कता तलै हुने पूर्वानुमान छ । कोशी र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।
- भोलि कन्काई, कमला, बागमती, पूर्वी राप्ती, बबई र यसका सहायक नदीमा बहाब सामान्य बढ्ने तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ । **कमला, बागमती र पूर्वी राप्तीका स-साना नदीजलाधारमा बहाब बढ्ने र केहीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ ।**
- भोलि प्रदेश **१, २, बागमती**, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशको मध्यपहाडी, तराई र चुरेको भूभाग भई बहने केहि स-साना सहायक नदीमा बहाव बढ्दो हुने र केहीमा आकस्मिक बहाब हुन सक्ने पूर्वानुमान छ ।

### पूर्वानुमान पर्सी : असार-०१ (मंगलबार) (विहान ७ बजे देखि २४ घण्टा)

- पर्सी कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य रहने तथा सतर्कता तलै हुने पूर्वानुमान छ । कोशी, नारायणी र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।
- पर्सी कन्काई, कमला, बागमती, पूर्वी राप्ती, तिनाउ, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब केहि बढ्ने तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ । **कन्काई, कमला, बागमती, पश्चिम राप्ती र बबईका स-साना नदीजलाधारमा बहाब बढ्ने र केहीमा सतर्कता तह आसपास सम्म पुग्न सक्ने पूर्वानुमान छ ।**
- पर्सी प्रदेश १, २, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको चुरे र तराई बहने स-साना नदीमा बहाव बढ्दो हुने **र केही स-साना नदीमा सतर्कता तह आसपास सम्म पुग्न सक्ने पूर्वानुमान छ ।**

## सरोकारवालाका लागि परामर्श (Advisory):

- आगामी ३ दिन प्रमुख तथा मझौला नदीहरु **कन्काई, कमला, बागमती, पूर्वी राप्ती, पश्चिम राप्ती, बबई** र यसका केहि स-साना नदीजलाधारमा क्षणिक मध्यम/भारी बर्षा भई बहाब केहि बढ्ने र केहिमा आकस्मिक बहाब( Flash Flood) हुन सक्ने पूर्वानुमान रहेकोले साना नदी तटिय क्षेत्रमा सतर्कता अपनाउन हुन अनुरोध छ ।
- आज प्रदेश २, लुम्बिनी, सुदूरपश्चिम प्रदेशको चुरे र तराईको भूभाग र बागमती, गण्डकी प्रदेशको मध्यपहाडी भूभाग भई बहने केहि स-साना सहायक नदीहरुमा **क्षणिक मध्यम बर्षा भई बहाब केहि बढ्ने र केही स-साना नदीमा आकस्मिक बहाब पनि हुन सक्ने पूर्वानुमान** रहेकोले उक्त स्थानका स-साना नदी जलाधारमा सतर्कता अपनाईराखौ ।

(*बाढी पूर्वानुमान बुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं । विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं ।

नोट: **पहेलो** रङले **मध्यम जोखिम** रहेको संकेत गर्छ । **रातो** रङले **उच्च जोखिमको** संकेत गर्छ ।

# Forecast References:

1) Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM

   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv

   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry

2) MFD Rainfall Forecast

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
मौसम पूर्वानुमान महाशाखा

मौसम पूर्वानुमान बुलेटिन (Weather Forecast Bulletin)
(जारी मिति: २०७८-०२-३० बिहान ६:०० बजे)

**मौसम विश्लेषण (Meteorological Analysis)**
हाल देशमा प्रदेश १ देखि लुम्बिनी प्रदेशको पूर्वी भू-भाग सम्म मनसुनी वायुको प्रभाव रहेको तथा बाँकी भू-भागमा पश्चिमी वायु र स्थानीय वायुको मिश्रित प्रभाव रहेको छ ।

**हाल मौसमको अवस्था (Present Weather Status):**
हाल देशभर सामान्य देखि पूर्ण बदली रही गण्डकी र लुम्बिनी प्रदेशका केही र बाँकी प्रदेशका एक-दुई स्थानहरुमा वर्षा भईरहेको अवस्था छ ।

**आगामी तीन दिनको मौसम पूर्वानुमान**

२०७८ जेठ ३० गते (आइतवार)
दिउँसो: देशभर सामान्य देखि पूर्ण बदली रहनेछ । देशका धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। प्रदेश २, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका एक-दुई स्थानहरुमा भारी वर्षाको समेत सम्भावना छ ।

साँझ: देशभर सामान्य देखि पूर्ण बदली रहनेछ । देशका धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश २, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका एक-दुई स्थानहरुमा भारी वर्षाको समेत सम्भावना छ ।

२०७८ जेठ ३१ गते (सोमवार)
दिउँसो: देशभर सामान्य देखि पूर्ण बदली रहनेछ । देशका धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। प्रदेश नं १, प्रदेश नं २, गण्डकी प्रदेश तथा लुम्बिनी प्रदेशका एक-दुई स्थानहरुमा भारी वर्षाको समेत सम्भावना छ ।

साँझ: देशभर सामान्य देखि पूर्ण बदली रहनेछ । देशका धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । प्रदेश नं २, बाग्मती प्रदेश, गण्डकी प्रदेश तथा लुम्बिनी प्रदेशका एक-दुई स्थानहरुमा भारी वर्षाको समेत सम्भावना छ ।

२०७८ असार १ गते (मंगलवार)
दिउँसो: देशभर सामान्य देखि पूर्ण बदली रहनेछ । देशका धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। बाग्मती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश तथा कर्णाली प्रदेशका धेरै स्थानहरुमा भारी वर्षाको समेत सम्भावना छ ।

साँझ: देशभर सामान्य देखि पूर्ण बदली रहनेछ । देशका धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ । गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशका धेरै स्थानहरुमा भारी वर्षाको समेत सम्भावना छ ।

**आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श (Warning/Advisory for next 24 hours)**

देशका धेरै स्थानहरुमा मेघगर्जन/चट्याङ्ग सहित हल्का देखि मध्यम वर्षा तथा प्रदेश २, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका एक-दुई स्थानहरुमा भारी वर्षाको समेत सम्भावना देखिएकोले आवश्यक सतर्कता अपनाउनु हुन अनुरोध छ।

3) RIMES Rainfall Forecast
4) NCMWRF Rainfall Product

   24 Hour Rainfall Forecast Today (9am to 9 am)

   24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)

5) Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)
6) Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)
7) Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)
8) GLOFAS forecast
9) Tethys Forecasting Platform( Stream Flow Prediction Tool and HIWAT tool for Nepal ( 7 days forecast for small rivers)
10) Regional Floodoutlook –Ganges-Brahmaputra Basin
11) SouthAsia Flash Flood Guidance System (Nepal)
12) Other Global Flood Forecasts
13) Satellite Cloud Picture
14) Etc…

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।